# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**१ नं प्रदेश**
**झापा, नेपाल ।**

प.सं. २०७७/०७८ मिति : २०७८।०२।१९
च.नं ४०५०

स्वास्थ्य सुरक्षण सामाग्री खरिद गर्ने सम्वन्धी शिलवन्दी दरभाउपत्र (Sealed Quotation) बुझाउने सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०७८।०२।१९)**

यस मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई कोभिड संक्रमण नियन्त्रणका लागि खटिने स्वास्थ्य सेवा, अत्यावश्यक सेवाका कर्मचारीहरुलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षण सामाग्री आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म वा कम्पनीले यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन भित्र शिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन आह्वान गरिन्छ ।

**शिलवन्दी दरभाउपत्रले पालना गर्नुपर्ने न्यूनतम शर्तहरु**

१. दरभाउ पत्र पेश गर्दा स्वास्थ्य सुरक्षण सामाग्रीको मूल्य स्पष्ट रुपमा अंक र अक्षरमा फरक नपर्ने गरी उपलब्ध गराएको ढाँचा वमोजिम उल्लेख गर्नु पर्नेछ ।
२. दरभाउपत्र दाताले आफ्नो फर्म वा कम्पनीको नवीकृत दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ताको प्रमाणको प्रतिलिपी तथा अन्य कागजात दरभाउपत्रको साथ पेश गर्नु पर्नेछ ।
३. यो दरभाउ पत्र फारम नगर कार्यपालिकाको कार्यालयबाट मूल्य रु १०००।०० (अक्षरेपी रु एक हजार मात्र) (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
४. दरभाउ पत्र फारमसँग यस नगर कार्यपालिकाको कार्यालय नाममा ने.वै.लि. काकरभिट्टामा रहेको ग-३-धरौटी खाता न १०६०३०००००३००००००००१ मा रु ३००००।०० (अक्षरेपी रु तीस हजारमात्र) वैङ्क भौचर वा सो वरावरको मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा "क" वर्गको वैङ्कबाट जारि भएको वैङ्क ग्यारेन्टी संलग्न गरी पेश गर्नु पर्नेछ ।
५. समय भित्र प्राप्त नभएका वा रित नपुगी पेश भएका दरभाउपत्र कुनै पनि कारवाही गरिने छैन ।
६. दरभाउ पत्र पेश गर्दा खाम वाहिर अनिवार्यरुपमा "स्वास्थ्य सुरक्षण सामाग्री खरिद गर्ने सम्वन्धी शिलवन्दी दरभाउपत्र" भनी उल्लेख गर्नु पर्नेछ ।
७. दरभाउपत्र खोल्दा दरभाउपत्र वालाको प्रतिनिधीका उपस्थित हुन सक्नेछन तर सो नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
८. दरभाउपत्रमा पेश गर्ने फर्म वा कम्पनीले पेश गरेको स्पेसिफिकेशनमा उल्लेख भए वमोजिमको सामानमात्र आपूर्ति गर्नु पर्नेछ । स्पेसिफिकेशन अनुसार सामाग्री आपूर्ति नभएमा उक्त सामान लिन वाध्य हुनेछैन ।
९. दरभाउ पत्र पेश गर्ने व्यक्ति वा संस्थाले आफ्नो दरभाउ पत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र उक्त सम्पूर्ण सामानहरु आपूर्ति गरिसक्नु पर्नेछ ।
१०. प्राप्त शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति : २०७८।०२।२१ अपरान्ह ३:०० वजेसम्म
शिलवन्दी दरभाउपत्र खोलिने मिति : २०७८।०२।२३ विहान ११:००
स्थान : मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा